सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाईनियाँ, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं. २०८२/८३
च.नं.

मितिः-२०८२-०५-२३

बिषयः:-Gen Z आन्दोलनमा दिवंगत भएका प्रति श्रद्धाञ्जली तथा स्थानीय बिदा सम्बन्धी सूचना ।

मिति २०८२ साल भदौ २३ गते सोमबारका दिन Gen Z पुस्ताका नेपाली युवाहरुद्वारा आयोजित आन्दोलनको क्रममा भएको दुःखद घटनाले सुनवर्षी नगरपालिका गहिरो शोक प्रकट गर्दछ। भावी नेपाल र नेपाली समाजको नेतृत्व गर्ने पुस्ताका रूपमा Gen Z को तात्त्विक आवाजलाई राज्यले सुन्ने र अनुकूल वातावरण सृजना गर्नुपर्ने आवश्यकता रहेको यस सुनवर्षी नगरपालिकाले स्मरण गर्दछ। नेपालको संविधानले मौलिक हक अन्तर्गत विचार तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गरेको हुँदा यसको सम्मान गर्दै राज्यले नीतिगत, संस्थागत तथा प्रक्रियागत सहजता सुनिश्चित गर्नुपर्नेमा यस नगरपालिकाको जोड रहेको छ। यस दुःखद घटनामा दिवंगत भएका प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं। साथै सम्पूर्ण पक्षलाई संयमता अपनाउन आग्रह गर्दछौं। यसै सन्दर्भमा दिवंगतहरूको सम्मानमा भोलि मिति २०८२/०५/२४ गते सुनवर्षी नगरपालिकाले नगर क्षेत्रभित्र राष्ट्रिय झण्डा आधा झुकाउने र नगरपालिका मातहत रहेका सम्पूर्ण कार्यालयहरु, विद्यालयहरुलाई स्थानीय बिदा दिने नगर प्रमुख स्तरीय निर्णय भएको जानकारी गराइन्छ।

श्याम प्रसाद राजवंशी
नगर प्रमुख